# माछापुच्छ्रे बैंक लिमिटेडको
# बीसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस बैंकको मिति २०७५/०८/२६ मा बसेको सञ्चालक समितिको ३८५औं बैठकको निर्णयानुसार यस बैंकको बीसौं वार्षिक साधारण सभा देहायका बिषयहरूमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मितिः** २०७५ साल पौष २० गते (तदनुसार ४ जनवरी २०१९), शुक्रबार ।

**सभा शुरू हुने समयः** विहान ११:०० बजे ।

**स्थानः** होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्ताबः**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने ।

३. आर्थिक वर्ष २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक M/s G.P. Rajbahak & Co. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन योग्य हुनुहुन्छ ।) ।

४. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई रू. ८०,५५,६९,३००.०० अर्थात चुक्ता पूँजीको १० प्रतिशत (कर सहित) का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. संस्थापक समूहका शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावः**

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरू) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. निम्न विषयहरूका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तैः कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) प्रचलित ऐन, कानुन तथा नियामक निकायको निर्देशनको अधिनमा रही आँफै वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेञ्चर क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेञ्ज), मर्चेण्ट बैंकिङ्ग, वित्तीय प्रविधि (फिन्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरू गर्ने ।

(ख) सञ्चालक समितिमा सर्बसाधारण समूहका शेयरधनीहरूको तर्फबाट कम्तिमा एक जना महिला सञ्चालक रहने व्यवस्था कायम गर्ने ।

(ग) सञ्चालक समितिको अध्यक्ष र सदस्यको बैठक भत्ता क्रमशः रू.१५,०००/– र रू.१२,०००/– कायम गर्ने ।

**ग. बिविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**मिति २०७५ पौष ६ गतेदेखि २०७५ पौष २० गते सम्म बैंकको शेयर दाखिल खारेज बन्द रहने छ ।**

**साधारण सभा सम्बन्धी थप जानकारीहरुः**

१) बैंकको शेयर दाखिल खारेजको काम बन्द हुने दिन अर्थात मिति २०७५ पौष ६ गते भन्दा अगाडि नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, पुतलीसडक, काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरूले मात्र सो सभामा भाग लिन, मतदान गर्न र आ.व. २०७४/७५ को नगद लाभांश लिने पाउने छन् । नेपाल स्टक एक्स्चेञ्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लेखित मिति भित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

२) प्रत्येक शेयरधनी महानुभावहरूलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं वा बैंकका शाखा कार्यालयहरूबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै, सो सम्बन्धी जानकारी यस बैंकको वेभसाइट www.machbank.com मा समेत राखिएको छ ।

३) सभाहुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहने छ । सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको प्रवेश पत्र साथमा लिई आउनु हुन अनुरोध गरिन्छ । कुनै शेयरधनी महानुभावले कारणवस पुस्तिका नपाउनु भएमा आफ्नो फोटो भएको कुनै परिचयपत्र वा हितग्राही खाता खोलिएको (D-MAT)/ कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध गरिन्छ ।

४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै ब्यक्ति हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको शेयर शाखा, पुतलीसडक, काठमाडौंमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि अर्थात २०७५/०९/१८ गते विहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ ।

५) शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर बिभाजन गरी वा अन्य कुनै किसिमवाट छुट्टयाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन । प्रतिनिधि (प्रोक्सी) प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा दिनु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति बैंकको शेयरधनी हुनु अनिवार्य छ ।

६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । प्रोक्सी नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रोक्सी बदर गरी आफैं सभामा उपस्थित भई मतदान गर्न चाहेमा सभा शुरू हुनु अगावै सो को लिखित सूचना निर्वाचन अधिकृत समक्ष दिनु पर्नेछ । यसरी सूचना दिई सम्बन्धित शेयरधनी आफैं उपस्थित भएमा निजले पूर्ववत दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज बैंकको शेयरधनी नभए तापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छ । यसरी प्रतिनिधि पठाउँदा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडि बैंकको शेयर शाखा, पुतलीसडक, काठमाण्डौमा लिखित रूपमा जानकारी दिनु हुन अनुरोध गरिन्छ ।

८) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउने छन् ।

९) नाबालक वा मानसिक रूपमा विक्षिप्त अवस्थामा रहेको शेयरधनीको तर्फबाट बैंकको शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ । तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरू शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन ।

१०) सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतले निर्धारण गरिदिए अनुसार साधारण सभा हुनुभन्दा ७ (सात) दिन अघि बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौंको सूचना पाटीमा टांस गरिनेछ ।

११) सञ्चालकको निर्वाचनमा उम्मेदवार हुन चाहने शेयरधनीले बैंकको कम्तीमा १०० (एक सय) कित्ता संस्थापक समुहको शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र, बैंकको नियमावली तथा बैंकको सञ्चालक निर्वाचन कार्यविधि निर्देशिका, २०७५ बमोजिम योग्य हुनुपर्नेछ ।

१२) संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन कार्यक्रममा तोकिएको अवधि भित्र एक जना संस्थापक शेयरधनी प्रस्तावक र अर्को एक जना संस्थापक शे यरधनी समर्थक सहित बैंकले तोकेको ढाँचामा बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा अवस्थित निर्वाचन अधिकृतको कार्यालयमा आफ्नो उम्मेदवारी दर्ता गर्नु पर्नेछ ।

१३) अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

सबल, उत्कृष्ट एवं विस्तारित

केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौ ।
फोन नं.: ०१-४४२८५५६